भंगहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नगरस्तरीय परीक्षा २०८१

कक्षा: ८ (आठ)

विषय : नेपाली    समय : २ घण्टा    पूर्णाङ्क : ५०

***विद्यार्थीले उत्तर दिँदासिर्जनात्मक र मौलिकतरिकाले दिनुपर्ने छ ।***

**१.दिइएका अर्थसँग मिल्ने शब्दखाली ठाउँमा लेख्नुहोस् :** २

निमोनिया, चरण, विरासत, आर्जन, काँस

क) गोडा, पाउ ............

ख) फोक्सो प्रभावितहुने एक प्रकारको रोग ............

ग) कमाउनु, सिक्नु वालिनु ............

घ) तामा र राङ मिसाएर बनेको उप धातु ............

**२. खाली ठाउँमा मिल्दो शब्द राखीवाक्य पूरा गर्नुहोस् :** २

क) 'फूल'को उस्तै अर्थ दिने शब्द....... हो। (समीर, कुसुम, सरिता)

ख) 'उत्थान' को उल्टो अर्थ दिने शब्द ........ हो। (मण्डन, पतन, वचन)

ग) 'कर' शब्दको अर्थ ............ हो । (ढिपी, आम्दानी, माला)

घ) 'परालको' को लघुतावाचीशब्द......... हो । (कुनिउँ, त्यान्द्रो, धरो)

**३. अर्थ खुल्ने गरी वाक्यमाप्रयोग गर्नुहोस् :** २

हुने बिरुवाको चिल्लो पात, गुम्बा

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् :** १

अ) शिशिर सिशिर शीशिर शिसिर

आ) पन्चामृतपंचामृतपञ्चामृत पञ्चाम्रित

**५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** २

करीब तीन घण्टाको यात्रापश्चात्हामिपाल्पाको तानसेनबजार पुग्यौं

**६. रेखाङ्कितशब्दको पदवर्ग छुट्याउनुहोस् :** २

म यो कुरा अब मेरा सन्तानलाई पनि नसुनाई छोडदिनँ । तिमीचाहिँकहिले कुरा बुझ्छौ हँ?

**७. दिइएकाधातु र सङ्केतकाआधारमाखाली ठाउँ भर्नुहोस् :** २

क) चौ.सा.गढीलेजिल्ला स्तरीय रनिङ शिल्ड ............ । (जित् : अज्ञातभूत)

ख) विद्यार्थीहरू सबेरै ........ । (उठ्: सामान्यवर्तमान)

ग) भाइ सधैं विद्यालय ........। (जा:सम्भावनार्थ )

घ) तिमीले परीक्षामा राम्रो अङ्क .......... । (ल्याउ : इच्छार्थक) ।

**८. दिइएका सङ्केतकाआधारमावाक्य परिवर्तन गर्नुहोस् :** ३

क) भमरा फूलमा बस्छ । (बहुवचन)

ख) रमा पुस्तक पढ्छिन् । ( कर्मवाच्य)

ग) ऊ गृहकार्य गर्छ । (प्रेरणार्थक)

**९. दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् :** ३

आजभोलि विद्यालयहरूमावार्षिकोत्सवधमाधमचलिरहेको छ । आआफ्नो **विद्यालयले**प्रत्येक वर्ष अभिभावकहरूको भेला गरी ऐतिहासिकरूपमा सम्पन्नगर्दछन् ।

**प्रश्नहरू**

क) अनुच्छेदबाट एउटा द्वित्वभएर बनेको शब्द र एउटा समस्तशब्दपहिचान गरी लेख्नुहोस् ।

ख) अनुच्छेदबाट एउटा उपसर्ग र एउटा प्रत्ययलागेर बनेको शब्दपहिचान गरी लेख्नुहोस् ।

ग) माथिरेखाङ्कन गरिएको शब्दको कारक र विभक्तिपहिचान गरी त्यसको नाम लेख्नुहोस् ।

**१०.दिइएको गद्यांश पढी सोधिएकाप्रश्नहरूको उत्तर लेख्नुहोस् :** ४

प्राणी र वनस्पतिको जीवनवातावरणमा निर्भर रहन्छ । सृष्टिक्रमसँगै प्रकृतिमा प्राणी र वनस्पतिको जीवनकालागिनिश्चितवातावरण सिर्जना भएको छ । वातावरणकै कारण प्राणी र जीवनबिच घनिष्ट सम्बन्ध स्थापना हुन्छ । विश्वमा रहेकाजीवहरूमध्ये मानिस सर्वश्रेष्ठ प्राणी हो । मानिसले प्रकृतिलाई बिगार्न र जोगाउनपनि सक्छ । वनस्पति र अन्यजीवले प्रकृतिको संरक्षण गर्न सक्दैन । प्राकृतिक सन्तुलनकायम गर्न भने जीव र वनस्पतिदुवैको भूमिका हुन्छ । सबै प्राणी र वनस्पतिनिश्चितपारिस्थितिक प्रणालीभित्र रहेका हुन्छन् । प्रकृतिको यस सन्तुलितअवस्थाभित्रजीव र वनस्पतिको अस्तित्व सुरक्षित हुन्छ । पारिस्थितिक प्रणाली खलबलियो भने प्राकृतिकअवस्थाअसन्तुलित हुन्छ । यसबाट वनस्पतिलोप हुने र जीवले अनेकौं सङ्कट भ्केल्नुपर्ने हुन्छ । प्राकृतिक सम्पदालाई जोगाइराखेमावातावरण संरक्षण हुन्छ । वनजङ्गल, नदी, हिमाल, पहाड, खनिजआदिलाई सन्तुलित ढङ्गले उपयोग गर्नुपर्छ । वातावरण संरक्षणको यो कार्य मानिसले मात्र गर्न सक्छ ।

**प्रश्नहरू**

क) प्राणी र वनस्पतिका बिच कस्तो सम्बन्ध हुन्छ ?

ख) प्राणी र वनस्पतिको जीवनकहाँनिर्भर रहन्छ ?

ग) प्रकृतिमा सन्तुलनभएकसको अस्तित्व सुरक्षित हुन्छ ?

घ) प्रकृति संरक्षणका लागिकुनकुन कुराको सन्तुलितउपयोग आवश्यक छ ?

**११. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :** ४

नेपालप्राचीनकालदेखि नै व्यापार व्यवसायमा समृद्ध रहेको कुरा विदेशीयात्रीका पुस्तकतथा ऐतिहासिक सामग्रीमाउल्लेख छ । लिच्छविकालमा नेपालमा कृषि र पशुपालनका साथै मूर्ति उद्योग, धातु उद्योग, तेल उद्योग आदिसँग सम्बन्धितव्यवसाय अर्थतन्त्रकाप्रमुखआधार थिए । नेपालमा त्यस बखतबाह्यव्यापार विशेषत:तिब्बत र भारतसँगहुने गर्थ्यो । व्यापारलाई सहजबनाउन सुन, चाँदीतथातामाकामुद्राप्रचलनमाल्याइएकाथिए । सेनवंशीकापालामा कृषितथा घरेलु उद्योगको राम्रो विकास भएको थियो । त्यस वेलामाचर्मकार, लौहकार, सुवर्णकार, ताम्रकार जस्ता व्यावसायिक वर्ग विभाजनगरिएको थियो । सेनवंशीकापालामापाल्पा राज्यभारत र तिब्बतको प्रमुखव्यापारिक केन्द्र थियो । यहीव्यापारिक केन्द्रबाट जुहारत, कपास, ऊन, धागो, जडीबुटी, घोडा, हात्ती, खाद्यान्नतथाफलामनिर्यात गरिन्थ्यो । पाल्पा राज्यले व्यापारिक विकासकालागिसिमीकोट थुम्कामा टकसार कार्यालय स्थापना गरेको थियो । यही टकसारमाविभिन्नमुद्राबनाइन्थे ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **३**

क) दिइएकाबुँदाहरूको आधारमा छोटो जीवनीलेख्नुहोस र उपयुक्तशीर्षक पनिदिनुहोस् :

नाम : मोतीराम भट्ट
जन्म : वि.सं. १९२३ भाद्र, काठमाडौँ
पिता : दयाराम भट्ट
माता : रिपुमर्दिनी देवी
विवाह : वि.सं. १९३७
कृतिहरू : प्रह्लादभक्तिकथा, पिकदूत, उषाचरित्र, गजेन्द्रमोक्ष, शकुन्तला (नाटक)
सम्मान : युवाकवि पुरस्कार र भारतेन्दु हरिश्चन्द्रबाट नगद पुरस्कार
प्रवृत्तिहरु :

- नेपाली, हिन्दी, उर्दू, फारसी, संस्कृत, अङ्ग्रेजीआदिभाषाको ज्ञान
- नेपाली साहित्यमायुवाकविकारूपमा परिचित
- कवि, गजलकार, जीवनीकार, समालोचकका रुपमा परिचितबहुमुखीव्यक्तित्व
- नेपालीगजल र समस्यापूर्ति कविताकाआरम्भकर्ता
- नेपालमा छापाखानाको स्थापनातथापत्रिकाप्रकाशन
- काठमाडौँ र वनारसमामोती मण्डलीको स्थापना
- भानुभक्तीय रामायणको बालकाण्ड प्रकाशन

मृत्यु : वि.सं. १९५३

ख) ल्होछार कार्यक्रममा सहभागी भएपछि मनमाउब्जेका भावहरू समेटी मनोवादतयार गर्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** **३**

(क) गरिब तथा जेहेनदार छात्रवृत्तिउपलब्ध गराइपाऊँभनीविद्यालयकाप्रधानाध्यापकलाई लेख्ने एउटा निवेदनको नमुना लेख्नुहोस् ।

ख) तपाईंको विद्यालयको वार्षिकोत्सवको अवसरमाअभिभावकलाई दिइने निमन्त्रणा पत्रको नमुनातयार पार्नुहोस् ।

**१४. कुनै एकको भावविस्तार गर्नुहोस् :** **३**

क)हुँदैनबिहानमिर्मिरमातारा झरेर नगए
बन्दैनमुलुकदुईचार सपुत मरेर नगए ।

ख) एक मुठी सास भएसम्महामीले निर्माण कार्यमा पछि पर्नुहुँदैन ।

**१५. दिइएको निबन्धांश पढी सोधिएकाप्रश्नको उत्तर लेख्नुहोस् :** ४

मलाई आफ्नाअभिभावकप्रतिअसाध्यै श्रद्धा छ । म उहाँहरूको उपदेशलाई ध्यानदिएर सुन्छु र मनन्पनि गर्छु । उहाँहरूले नै जन्मिनासाथ मेरो जन्मदर्ता गराउनुभएको थियो । बिस्तारै मेरो पढाइ लेखाइको प्रबन्धमिलाउनुभएको थियो । उहाँहरूकै पहलमा १६ वर्ष पुगेपछि मेरो नागरिकता बनेको थियो । मैले नागरिकतापाउनु भनेको नेपालको राष्ट्रिय पहिचानधारण गर्नुथियो । आफूलाई असलनागरिकका रूपमाचिनाउनु थियो । सम्झिन्छु,नागरिकतापाएको क्षणमा मभित्रकत्ति धेरै राष्ट्रियताको भावनाउर्लिएर आएको थियो । मैले खुसीका साथ गद्‌गद् हुँदै नेपालीधर्तीलाई ढोगेको थिएँ । भनिन्छ, हरेक नागरिकले आफ्नो नागरिकताहातमा लिएपछि एक पटक प्यारो जन्मभूमिलाई प्रणाम गर्छ । देशप्रतिको आफ्नो कर्तव्य सम्झिन्छ र कहिल्यै पनि देशलाई बिर्सिंदैन ।

**प्रश्नहरू**

अ) 'म'पात्रलेआमाबुबालाई श्रद्धा गर्नुको कारण के थियो ?
आ) नागरिकतापाउनुलाई 'म'पात्रले कुन रूपमालिएका छन् ?
इ) 'म'पात्रकस्तो अवस्थामाअत्यन्तखुसीभएको छ ?
ई) यस निबन्धांशको मुख्यभाव के हो ?

**१६. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** **५**

**क) दिइएको कथाको अंश पढी समीक्षात्मकउत्तर लेख्नुहोस् :**

यतावंशु गुरुङलगायतगोरखाली सेना हतियारसहित पृथ्वीनारायण शाहकहाँपुगे । उनले हातले केहीहतियार सुमसुम्याए र वंशलाई धापमारेर प्रशंसा गर्दै भने, "मेरो सपनातिमीहरूले पूरा गऱ्यौ । यसको श्रेय तिमीहरूकै हो ।" उनले सबैलाई विजयको प्रतीक रातो टीका लगाइदिए । सेना गोरखाको जय भन्दै ब्यारेकतिर लागे ।

(अ) 'साकार सपना'कथालाई सार्थक तुल्याउनकालागिवंशु गुरुङलगायतगोरखाली सेनाको चर्चागर्नुहोस् ।

**ख) दिइएको जीवनीको अंश पढी समीक्षात्मकउत्तर लेख्नुहोस् :**

हरेकले सादाजीवनउच्चविचारका लागिप्रयास गर्नुपर्छ । साधुसन्त शिक्षा र साधनमा समर्पित हुनुपर्छ । हरेकमानिसमा सधैँ नैतिकता, इमानदारिता,जिम्मेवारीपन र असलचरित्रको आवश्यकता पर्छ ।

**प्रश्न :**

अ) 'स्वामीप्रपन्नाचार्यको सफलतापूर्ण जीवनीका सन्दर्भमामाथिकाभनाइहरु अक्षरशःलागु हुन्छन्',चर्चा गर्नुहोस् ।

**१७. कुनै एक शीर्षकम १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् । ५**

क) प्राविधिकशिक्षाको महत्त्व

ख) साइबर अपराध र यसकाअसरहरू

ग) मेरो बाल्यकाल

समाप्त

भंगहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नगरस्तरीय परीक्षा २०८१

विषय : नेपाली पूर्णाङ्क : ५०

कक्षा : ८(आठ) समय : २ घण्टा

**तलका सबै प्रश्नहरूअनिवार्य छन् ।**

**१.दिइएका अर्थसँग मिल्ने शब्दखाली ठाउँमा लेख्नुहोस् : (२)**

बैना, ऐन, मिजास, प्रकाण्ड, आँखा

(क) कुनै विषयमा पूरा ज्ञान भएको ...........

(ख) संसदबाट बनेको सरकारी कानुन ..........

(ग) ज्ञानेन्द्रियको नाम ...........

(घ) विश्वासकानिम्तिपहिले नै दिइने रकम .......

**२.खाली ठाउँमा मिल्दो शब्दभर्नुहोस् : (२)**

(क) 'वृक्ष' को उस्तै अर्थ दिने शब्द ........ हो । (भवन, रुख, लता)

(ख) 'फूल' को श्रुतिसमभिन्नार्थी शब्द ......... हो । (फुल, कुल, थुँगा)

(ग) 'थाल' को लघुतावाची शब्द ............ हो । (कचौरा, थाली, डाली)

(घ) 'अनुकूल' को विपरीतार्थी शब्द ........... हो । (सहयोग, सजिलो, प्रतिकूल)

**३.अर्थ खुल्ने गरी वाक्यमाप्रयोग गर्नुहोस् : (२)**

कुलेलम ठोक्नु, टुलुटुलु

**४.शुद्ध शब्द छानेर लेख्नुहोस्: (१)**

| | | | |
|---|---|---|---|
| (क) पर्याबरण | पर्यावरन | परयावरण | पर्यावरण |
| (ख) धनराषि | धनराशि | धनरासि | धनरशि |

**५.दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस्: (२)**

तीहाम्रादाजु भाइदिदिबहिनीअकालमामर्नका लागीजन्मेकापक्कै होइनन्

**६.रेखाङ्कितशब्दहरूको पदवर्ग छुट्याउनुहोस्:(२)**

त्यो भिरको <u>बाटो</u> <u>छोटो</u> थियो <u>तर</u>हिउँले भरिभराउ<u>थियो</u> ।

**७.दिइएको धातु र सङ्केतकाआधारमाखाली ठाउँ भर्नुहोस्: (२)**

(क) उनीहरूखाजा ............... । (खाः सामान्यभविष्यत्)

(ख) हामीपाठ ............. । (पढ्: अपूर्ण भूत )

(ग) श्यामविद्यालय .......... । (जाः इच्छार्थक)

(घ) रमाकथा ......... । (भन्: सम्भावनार्थक)

**८.दिइएका सङ्केतकाआधारमावाक्य परिवर्तन गर्नुहोस्:(३)**

(क) म शैक्षिक भ्रमण जान्छु । (द्वितीयपुरुष)

(ख) रातको समयमा कुकुर भुक्यो । (अकरण)

(ग) जब पानीपऱ्यो तब बाटो हिलो भयो । (सरल वाक्य)

**९.दिइएको अनुच्छेद पढी सोधिएकाप्रश्नहरूको उत्तर लेख्नुहोस्: (३)**

**नेपालले** वैदेशिकव्यापारमाप्रत्येक आर्थिक वर्ष व्यापार घाटा सहनुपरेको छ ।मुलुककोअर्थतन्त्रकालागि यो पटकपटक गम्भीर विषय बनेको छ । नेपालीजनशक्तिविदेश पलायनहुनु तथा घरेलु प्रकृतिकाउत्पादनमामात्र सीमितहुनेसमस्याको कुरा हो । निर्वाहमुखी कृषिउत्पादन, औद्योगिकीकरणप्रतिको निष्क्रियता, कच्चापदार्थको आयातआदिका कारण पनि नेपालको वैदेशिकव्यापारमाचुनौती बढेको छ ।

**प्रश्नहरू**

(क) अनुच्छेदबाट एउटा द्वित्वभएर बनेको र एउटा समस्तशब्दपहिचान गरी लेख्नुहोस् ।

(ख) अनुच्छेदबाट एउटा उपसर्ग र एउटा प्रत्ययलागेर बनेको शब्दपहिचान गरी लेख्नुहोस् ।

(ग) माथिरेखाङ्कन गरिएको शब्दको कारक र विभक्तिपहिचान गरी त्यसको नाम लेख्नुहोस् ।

**१०.दिइएको गद्यांश पढी सोधिएकाप्रश्नहरूको उत्तर लेख्नुहोस्: (४)**

सरकारी कार्यालयमाआम्दानी र खर्चलाई समेटेर आर्थिक अभिलेख राखिन्छ । उक्तआर्थिक अभिलेखकाआधारमाआवश्यकप्रतिवेदनसमेत तयार पारिन्छ । अतः सरकारी कार्यालयमा राखिने आर्थिक अभिलेख तथाप्रतिवेदनलाई सरकारी लेखा प्रणाली भनिन्छ । यसबाट वार्षिक रूपमा छुट्याइएको रकमखर्च भएनभएको थाहापाउन सकिन्छ । त्यसैगरी व्यापारिक क्षेत्रमापनि लेनदेन, बिक्री, वितरण, नाफा, नोक्सानआदिलाई पारदर्शी बनाउन लेखा प्रणालीलाई आधार मान्ने गरिन्छ । खासगरी सरकारी लेखा प्रणाली जनताप्रतिउत्तरदायी हुन्छ भने व्यावसायिक लेखा प्रणाली लगानीकर्ताप्रतिउत्तरदायी हुन्छ । सरकारी र व्यापारिकलेखा प्रणालीबिच केही समानता र केहीभिन्नता छन् । तीदुवै दोहोरो लेखा प्रणालीमा आधारित हुन्छन् ।

**प्रश्नहरू**

(क) सरकारी लेखा प्रणाली भन्नाले के बुझिन्छ ?

(ख)आर्थिक प्रतिवेदनकिनतयार पारिन्छ ?

(ग) जनताप्रतिकुनलेखा प्रणाली उत्तरदायी हुन्छन् ?

(घ) सरकारी र व्यापारिक लेखा प्रणालीबिच एक/एकओटा समानता र भिन्नता लेख्नुहोस्।

**११.दिइएको अनुच्छेदबाट चारओटा बुँदाटिपोट गरी सारांश लेख्नुहोस्: (४)**

प्रपन्नाचार्यको परिवार किराँत धर्मको अनुयायीथियो ।पारुहाङ रसुम्निमालाई इष्टदेव र देवीकारूपमाअर्चना तथाश्रद्धा गर्थ्यो । उनको परिवारले वैदिक धर्मसंस्कृतिको पालनामाविशेष जोड दिइन्थ्यो । परिवारमा जोसमनी सम्प्रदायको प्रभावपनि परिरहेको थियो । उनका घरभित्र सधैँ शुद्ध शाकाहारी भोजनको व्यवस्थाहुन्थ्यो । फलस्वरुपप्रपन्नाचार्य आफूपनिबाल्यकालदेखि नै आध्यात्मिकचिन्तननतिर उन्मुखहुनथालेका थिए । प्रपन्नाचार्यको परिवार कृषि पेसामा आबद्ध थियो । जीवनगुजाराकालागिखेतीपातीमादिनरात व्यस्तहुनुको विकल्पथिएन । घरमाहजुरआमा, हजुरबुबादेखि नातिनातिना सबैले खेतीपाती र गाईवस्तुको हेरचाह गर्नै पर्थ्यो । त्यसैकारण प्रपन्नाचार्यले बाल्यकालमालामो समयसम्मगाउँमा पढ्न लेख्न पाएनन् । उनीभित्रकेवलआध्यात्मिक ज्ञानको भोक मात्रजागिरह्यो ।

**१२.कुनै एक प्रश्नको उत्तर दिनुहोस्: (३)**

**(क) दिइएकाबुँदाकाआधारमाजीवनीतयार पार्नुहोस्:**

**नाम** :लक्ष्मीप्रसाद देवकोटा

**जन्ममिति** :वि.सं.१९६६ लक्ष्मीपूजाकादिन

**जन्मस्थान** :धोविधारा, काठमाडौँ

**मातापिता** : अमरराज्यलक्ष्मीदेवी, तिलमाधव देवकोटा

**शिक्षा** :बीए. बीएल्

**स्वभाव** :दीनदु:खीमाथिदयालु, उदारवादी

**साहित्यआरम्भ** : १० वर्षको उमेरदेखि

**विशेषता** :आसुकवि, महाकवि, मानवतावादीभावना र कल्पनाकाधनी, प्रकृतिप्रेमी, स्वच्छन्दतावादी

**कृतिहरू** :मुनामदन, म्हेन्दु, लुनी, भिखारी कविता सङ्ग्रह, लक्ष्मी निबन्ध सङ्ग्रह, दाडिमको रुखनेर, शाकुन्तल, सुलोचना, कुञ्जिनीआदि ।

**योगदान** :त्रिचन्द्र कलेजमाप्राध्यापक, नेपालीभाषानुवादपरिषद्माजागिरे, २०१४ सालमाशिक्षामन्त्री, नेपालीविषयलाई अनिवार्य रूपमा अधिराज्यभर लागु गराएका, देशविदेशमा समेत विभिन्न साहित्य सम्मेलनमाभागलिएका,

**पुरस्कार तथा सम्मान** :त्रिभुवन प्रज्ञा पुरस्कार

**मृत्यु** :वि.सं.२०१६ भदौ २९ गते क्यान्सर रोगका कारण ।

**(ख) 'पुस्तकालयको महत्त्व'शीर्षकमादुई जनाबिचको एउटा संवादतयार पार्नुहोस् ।**

**१३.कुनै एक प्रश्नको उत्तर लेख्नुहोस्: (३)**

(क) आफ्नो विद्यालयमाखेलकुद सामाग्रीपर्याप्त मात्रामानभएकाले आवश्यक सामाग्री खरिद गर्न अनुरोध गर्दै प्रधानाध्यापकलाई एउटा निवेदन लेख्नुहोस् ।

(ख) पालिका स्तरीय वक्तृत्वकलाप्रतियोगितामाप्रथम स्थानहासिल गर्ने साथीलाई दिइने बधाई पत्रको नमुनातयार पार्नुहोस् ।

**१४.कुनै एकको भावविस्तार गर्नुहोस्: (३)**

(क) जुजुलालको मानव देह चिताको खरानीभएर नाशभएपनि सङ्गमरमरको आकर्षक मूर्तिका रूपमा कृष्णावतार छोरो त कालान्तरसम्म रहिरहला ।

(ख) छोडर परदेशमा हरियो पासपोर्ट
फर्कनु छ आफ्नै घर आँगनमा ॥

**१५.दिइएको कविताको अंश पढी सोधिएकाप्रश्नहरूको उत्तर लेख्नुहोस्:** (४)

ओठमा हाँसो गालामालाली तब आउँछ जगत्को
देशको पिरले भेटी जब वीरले चढाउँछ रगतको
घाँटीमा फाँसीको मालागाँसीवीरले हाँस्ता
मातृभूमिको चरण ढोगी भाग्दछ दासता ।

**प्रश्नहरू**

(क) कसले रगतको भेटी चढाउँछ ?
(ख) वीर कसरी हाँस्छ ?
(ग) के गर्दा दासता भाग्दछ ?
(घ) यस कविताांशको आशय के हो ?

**१६.कुनै एक प्रश्नको लामो उत्तर लेख्नुहोस्:** **(५)**

**(क) दिइएको कथांश पढी समीक्षात्मकउत्तर लेख्नुहोस् :**

गोल्डिङले गोरखालीले उपत्यकामा आक्रमण गर्न लागेको र मल्लहरूलाई सहयोग नगरे कम्पनीलाई हानिहुने बेहोराको सिफारिस पत्रतयार पारे । उनले तिब्बतहुँदै चीनसम्मव्यापार बढाउने र यस क्षेत्रमाप्रभुत्वजमाउने राम्रो मौका आएको पनि वर्णन लेखे ।बिस्तारै नेपाल खाल्डो नै आफ्नो पार्नेआशयको सिफारिस पत्र र जयप्रकाशको पत्रसहितउनी पटना पुगे र बेलीविस्तार लगाए ।

(अ) नेपाल र नेपालवरिपरिको राजनीतिकअवस्था कस्तो रहेछ ?चर्चा गर्नुहोस् ।

**(ख) दिइएको जीवनीको अंश पढी समीक्षात्मकउत्तर लेख्नुहोस् :**

सगरमाथाआरोहण गर्ने क्रममाविश्राम गरेर सुतिरहेका बेलाअचानक माथिबाट हिमस्खलनहुनपुग्यो । ताबेईसहितअन्य सदस्यहिउँभित्रदबिए । संयोगवश साथमा रहेका नेपालीसहयोगी शेर्पाहरूको बहादुरी चलाखीपन र अथक परिश्रमबाट उद्धार सम्भव भयो । सगरमाथाआरोहणको गन्तव्यअर्थात् शिखर नजिकिँदै थियो । 'अलफिमेल क्लाइमिङ पार्टी' को नेतृत्वगर्दै जुन्को ताबेई सहयोगीकासाथ क्रेम्प्रोन पाइला अगाडि बढाइरहेकीथिइन् । केही समयपछिडेथ जोन पार गर्दै सम्पूर्ण पर्वतारोही सदस्यले नै सगरमाथाको शिखर चुम्ने अवस्थाहुँदै थियो । अचानकअक्सिजन र खानेकुरा सकिनै लागेको जानकारी भयो ।

(अ) जुन्को ताबेईले पर्वतारोहणका क्रममा बेहोर्नुपरेका समस्याको वर्णन गर्नुहोस् ।

**१७.कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस्:** **(५)**

(क) देशप्रति मेरो कर्तव्य
(ख) नेपालमा पर्यटन व्यवसायको महत्त्व
(ग) प्रकृति र मानव जीवन

समाप्त